# आमचोक गाउँपालिकाको

# गरीबी निवारण कोष व्यवस्थापन कार्यविधि-२०७८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर कोशी प्रदेश नेपाल

कार्यपालिकावाट स्वीकृत मिति : २०७८/०५/२५

प्रमाणिकरण मिति : २०७८/०५/२५

प्रमाणिकरण गर्ने

याम वहादुर उपरकोटी

प्रमुख प्रशासकीय अधिकृत

## आमचोक गाउँकार्यपालिकाको कार्यालय

## बालंखा,भोजपुर

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... भोजपुर ... प्रदेश नेपाल

# *आमचोक गाउँपालिकाको
# गरिवी निवारण कोष व्यवस्थापन कार्यविधि -२०७८

कार्यपालिकावाट स्वीकृत मिति :२०७८।०५।२५

**प्रस्तावनाः** नेपालमा रहेको चरम गरीबीलाई कम गर्न तथा लोकतान्त्रिक, न्यायिक, समतामूलक एवं दिगो समाज निर्माणका लागि नेपाल सरकारले गरीबी निवारण कोष स्थापना गरी समाजमा गरीब तथा पिछाडिएको वर्गको सक्रिय सहभागीतामा गरीबी निवारण सम्वन्धी कार्यक्रम संचालन गराउन र गरिवी निवारणमा संलग्न सामुदायिक संस्थाहरुलाई अनुदान तथा आवश्यक सहयोग उपलव्ध गराई मुलुकवाट गरीबी निवारण गर्न सामुदायिक संस्थाहरुलाई गरीबी निवारण कोषवाट आयआर्जनको लागि उपलव्ध घुम्तीकोष अनुदान रकमलाई व्यवस्थित गरि सामुदायिक संस्थाहरु एवं त्याँहा रहेका घुम्तीकोषको दिगो र प्रभावकारी परिचालन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ वमोजिम आमचोक गाउँपालिकाको गरिवी निवारण कोष व्यवस्थापन कार्यविधि -२०७८ वनाएकोछ ।

## परिच्छेद -१
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम " आमचोक गाउँपालिकाको गरिवी निवारण कोष व्यवस्थापन कार्यविधि -२०७८" रहेको छ

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभापाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) " गरीबी निवारण कोष " भन्नाले गरीबी निवारण कोषवाट अनुसूचि (१) वमोजिमको सामुदायक संस्थाहरुलाई आय आर्जनको लागि उपलब्ध गराएको घुम्ती कोष रकम सम्झनु पर्छ ।

(ख) "सहकारी संस्था" भन्नाले आमचोक गाउँपालिकाको सहकारी ऐन पहिलो संसोधन २०७४ को दफा ५ को प्रकृया पुरा गरी दफा ६ को उपदफा (१) (२) र (३) वमोजिम दर्ता भएको सहकारी संस्थाहरुलाई सम्झनु पर्छ ।

(ग) "विनियम" भन्नाले आमचोक गाउँपालिकाको सहकारी ऐन २०७४ को दफा १७ बमोजिम सम्बन्धित सहकारी संस्थाको स्वीकृत विनियम सम्झनुपर्छ ।

प्रमुख प्रशासकीय अधिकृत

(घ) "गाउँपालिका स्तरीय घुम्ती कोष व्यवस्थापन समिति" भन्नाले यस कार्यविधिको दफा ११ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(ङ) "वडा स्तरीय घुम्ती कोष व्यवस्थापन समिति" भन्नाले यस कार्यविधिको दफा १३ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(च) "अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा १५ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति वा सामुदायिक संस्थालाई सम्झनुपर्छ।

(ज) "समिति" भन्नाले सहकारी संस्थाको संचालक समिति सम्झनुपर्छ ।

(झ) "गाउँपालिका" भन्नाले आमचोक गाउँपालिका सम्झनु पर्छ ।

(ञ) "कार्यपालिका" भन्नाले आमचोक गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ट) "कार्यविधि" भन्नाले आमचोक गाउँपालिकाको गरिवी निवारण कोष व्यवस्थापन कार्यविधि -२०७८ सम्झनु पर्छ ।

(ठ) "अध्यक्ष" भन्नाले आमचोक गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ड) "उपाध्यक्ष" भन्नाले आमचोक गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ध) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आमचोक गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(न) "शाखा प्रमुख" भन्नाले आमचोक गाउँ कार्यपालिकाको सहकारी शाखा प्रमुख सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्धेश्य

**३ उद्धेश्य :** गरीवी निवारण कोष व्यवस्थापन कार्यविधिक तयारी गर्नुको उद्धेश्य निम्न अनुसार रहेको छ ।

(क) गरीबी निवारण कोषवाट आयआर्जनको लागि उपलब्ध घुम्तीकोष अनुदान रकमलाई व्यवस्थित गरि सामुदायिक संस्थाहरु एवं त्याँहा रहेका घुम्तीकोषको दिगो र प्रभावकारी परिचालन गर्न ।

(ख) छरिएर रहेको पुजिलाई सहकारीको माध्यमवाट एकिकृत गरि परिचालन गर्न ।

२०७८।५।२८

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर प्रदेश नेपाल

## परिच्छेद-३

## सामुदायिक संस्था व्यवस्थापनको क्षेत्रहरु

**४. सामुदायिक संस्थाकै मान्यतामा संस्था संचालन :** (१) उद्येश्य अनुरुप समूह र कोष संचालन भइरहेको अवस्थामा समूहको निर्णय वमोजिम सामुदायिक संसंथाकै मान्यतामा संस्था संचालन हुने ।

(२) उपदफा (१) वमोजिम उद्येश्य अनुरुप भन्नाले समूहरुको वैंकिङ्ग कारोवारको नियमितता, समूह सदस्यहरुको केवाइसी अपडेट,उद्येश्य अनुरुप ऋण लगानी तथा असुली, चुस्त दुरुस्त लेखा प्रणाली र समूह सदस्यहरुको आयआर्जन वृद्धिको गणितिय मापनलाई वुझाउँछ ।

**५. हाल कृयाशिल सहकारी संस्थामा आवद्धता :** (१) उद्येश्य अनुरुप समूह र कोष संचालन भइरहेको अवस्थामा समूहको निर्णय वमोजिम हाल वडा स्तर वा गाउँपालिका स्तरमा संचालन भइरहेको सहकारी संस्थामा सदस्यता लिई आवद्धता हुन सक्ने ।

**६. वडा स्तरीय कार्यक्षेत्र भएको सहकारी संस्थाको गठन तथा दर्ता :** (१) उद्येश्य अनुरुप समूह र कोष संचालन भइरहेको अवस्थामा समूहको निर्णय वमोजिम वडा स्तरको कार्यक्षेत्र भएको विषयगत सहकारी संस्थाको गठन तथा दर्ता गरी समूह र कोषको व्यवस्थापन गर्नु पर्नेछ ।

**७. गाउँपालिका भरी कार्यक्षेत्र भएको सहकारी संस्थाको गठन तथा दर्ता :** (१) उद्येश्य अनुरुप समूह र कोष संचालन भइरहेको वा कोषको संचालनमा समूहहरुलाई कठिनाई भइरहेको अवस्थामा समूहको निर्णय वमोजिम गाउँपालिका भरी कार्यक्षेत्र भएको विषयगत वा वहुउद्यशीय सहकारी संस्थाको गठन तथा दर्ता गरी समूह र कोषको व्यवस्थापन गर्ने ।

(२) माथि उल्लेखित दफा (४) (५) र (६) अनुसारको सहकारी संस्थामा आवद्धता वा नया सहकारी संस्था गठन गरी दर्ता गर्दा गरीबी निवारण कोषवाट प्राप्त घुम्ती कोष रकमलाई विउ पूँजीको रुपमा सहकारी संस्थामा जम्मा गर्नु पर्ने छ । यो रकमलाई शेयर र वचतको रपमा रकमान्तर गर्न पाईने छैन ।

(३) दफा ६ वमोजिमको सहकारी संस्था गठन तथा दर्ता गर्दा समूह सदस्यको रुपमा सहकारी दर्ता गर्न सकिनेछ । सहकारी सम्वन्धी अन्य व्यवस्थाहरु सहकारी दर्ता दिगदर्शन २०७४ को अनुसुचि १६ वमोजिम तयारी विनियम वमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... भोजपुर ... नेपाल

## परिच्छेद-४

## कोष व्यवस्थापन

**८. घुम्ती कोषको व्यवस्थापन :** (१) गरीबी निवारण कोषवाट आयआर्जनको लागि सामुदायिक संस्थाहरुलाई उपलब्ध **अनुसूचि १** वमोजमको घुम्ती कोष रकमलाई गरीबी निवारण कोषद्वारा पर्वर्द्धित सामुदायिक संस्था तथा साना पूर्वाधार विकास आयोजना संचालन सम्वन्धी सामान्य मार्गदर्शन २०७५ को २.३ वमोजिम अक्षय कोष रुपमा मात्र परिचालन गर्ने व्यवस्था गर्ने ।

(२) उपदफा (१) वमोजिमको रकमलाई समूह वा सहकारी संस्थामा गरीबी निवारण कोषकै नामवाट संचालन गर्नु पर्नेछ । सो रकमलाई जुन सामुदायिक संस्थाको नामवाट जति रकमको कोष खडा गरिएको हो सो वरावारको रकम सो समूह वा समूहका सदस्यहरुलाई लगानी गर्न वाधा मानिने छैन । तर पुन वर्षदिन भित्रमा सोहि वरावरको रकम सो कोषमा जम्मा भएको ग्यारेन्टी हुनु पर्नेछ ।

(३) अनुसूचि १ वमोजिमको घुम्ती कोष रकम हिनामिना भएको वा भाकाभित्र ऋण असुली नभएको पाइएमा सम्वन्धीत पक्षवाट सरकारी वाँकी सरह असुल गरी सोहि कोषमा जम्मा गर्नु पर्नेछ । ऋणि वसाई सराई गएको भए सोहि स्थानवाट र ऋणिको मृत्यु भएको भए उसको जायजेथावाट असुर उपर गर्नु पर्नेछ ।

(४) उद्येश्य अनुरुप लगानी भएको तर प्राकृतिक विपत्तीको कारण व्यवशाय टाँट पल्टिएको, निर्धारीत उद्यश्य वमोजिम लगानी भएको तर ऋणीको मृत्यु भई हकवाला कोहि नभएको र ऋणिको नाम्मा कुनै जायजेथा नभएको अवस्थामा घुम्ती कोष रकम लगानी भइ नउठ्ने अवस्था (Bad debt) भएमा **अनुसूचि-२** वमोजिम निर्धारीत प्रकृया पुरा गरी गाउँ कार्यपालिकादेखि निर्णय गरी अपलेखन गर्नु पर्नेछ ।

**९. सामुदायिक संस्थाको साझेदारी रकम व्यवस्थापन :** (१) गरीबी निवारण कोषवाट आयआर्जनको लागि सामुदायिक संस्थाहरुलाई उपलब्ध अनुसूचि १ वमोजमको घुम्ती कोष रकममा सामुदायिक संस्थाहरुको १० प्रतिशत साझेदारी रकमलाई सामुदायिक संस्थाको निर्णय वमोजिम फिर्ता वा लगानी गर्न सकिनेछ ।

**१०. सामुदायिक संस्थाको वचत व्यवस्थापन :** (१) गरीबी निवारण कोष कार्यक्रम लागु भएदेखि हालसम्मको सामुदायिक संस्थाको सदस्यहरुको वचत रकमलाई दफा ४ वमोजिम संचालित हुने सामुदायकि संस्थाहरुको हकमा हालकै अवस्थामा संचालन गर्ने ।

(२) दफा ५,६ र ७ वमोजिम सहकारी संस्थामा आवद्ध हुने समूह वा समूह सदस्यहरुको हकमा सदस्य संख्याको आधारमा एक पटकको लागि समान वचत कायम गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम समान वचत कायम गर्दा समूह सदस्यहरुले नपुग रकम थप या वढी रकम फिर्ता गर्न सक्नेछन् ।

२०७८।४।१८

प्रमुख प्रशासकीय अधिकृत

**११. सामुदायिक संस्थाको अन्य आम्दानी व्यवस्थापन :** (१) गरीबी निवारण कोष कार्यक्रम लागु भएदेखि हालसम्मको सामुदायिक संस्थाको अन्य आम्दानी रकमलाई दफा ४ वमोजिम संचालित हुने सामुदायकि संस्थाहरुको हकमा हालकै अवस्थामा संचालन गर्ने ।

(२) दफा ५,६ र ७ वमोजिम सहकारी संस्थामा आवद्ध हुने समूह वा समूह सदस्यहरुको हकमा सदस्य संख्याको आधारमा एक पटकको लागि समान रकम कायम गरी वचत गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम समान रकम कायम गरी वचत गर्दा समूह सदस्यहरुले नपुग रकम थप या वढी रकम फिर्ता गर्न सक्नेछन् ।

**१२. गाउँपालिका स्तरीय घुम्ती कोष व्यवस्थापन समिति :** (१) गरीबी निवारण कोषवाट प्राप्त घुम्ती कोष रकमलाई व्यवस्थीत गर्नको लागि गाउँपालिका स्तरीय तपशिल वमोजिम एक घुम्ती कोष व्यवस्थापन समिति रहनेछ ।

(क) प्रमुख : गाउपालिका अध्यक्ष

(ख)सदस्य : सामाजिक विकास समितिको संयोजक

(ग)सदस्य :आर्थिक विकास समितिको संयोजक

(घ)सदस्य :प्रमुख प्रशासकीय अधिकृत

(ङ)सदस्य :अध्यक्षद्वारा मनोनित (कम्तिमा १ महिला सहित)सामुदायिक संस्थाको अध्यक्षहरु मध्ये २ जना ।

(च)सदस्य सचिव : सहकारी शाखा प्रमुख

**१३. गाउँपालिका स्तरीय घुम्ती कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

(१) सवै वडाहरुको एकिकृत तथ्याङ्कहरु संकलन गर्न लगाउने ।

(२) वडाहरुमा नया सहकारी गठन गर्ने वा भइरहेको सहकारीमा नै समूहहरुलाई आवद्ध गराउने हो सो को एकिकृत विवरण तयारी गर्ने ।

(३) हिनामिना भएको वा भाकाभित्र ऋण असुली नभएको अवस्थामा सरकारी वाँकी सरह असुल गर्नको लागि कार्यपालिकालाई सिपारिस गर्ने ।

(४) खराव कर्जा पुनरलेखन कार्यमा वडा स्तरीय घुम्ती कोष व्यवस्थापन समितिलाई सल्लाह दिने ।

(५) गाउपालिकाम हाल दर्ता भइ कृयाशिल सहकारी संस्थाहरुलाई गरिवी निवारण कोष व्यवस्थापनको विषयमा अभमूखिकरण गर्ने ।

(६) प्रतिवेदन ३/३ महिनामा गाउँकार्यापालिकामा पेश गर्नु पर्नेछ ।

**१४. वडा स्तरीय घुम्ती कोष व्यवस्थापन समिति :** (१) गरीबी निवारण कोषवाट वडा स्तरका सामुदायिक संस्थाहरुलाई प्राप्त घुम्ती कोष रकमलाई व्यवस्थीत गर्नको लागि तपशिल वमोजिमको वडा स्तरीय एक घुम्ती कोष व्यवस्थापन समिति रहनेछ ।

(क)प्रमुख : वडा अध्यक्ष

(ख)सदस्य : वडा सदस्य २ जना ( १ जना महिला सदस्य सहित)

(ग)सदस्य : वडा अध्यक्षद्वारा मनोनित सामुदायिक संस्थाको अध्यक्ष १ जना ।

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालुवंश, भोजपुर
प्रदेश, नेपाल

(घ)सदस्य सचिव : वडा सचिव

**१५. वडा स्तरीय घुम्ती कोष व्यवस्थापन समितिको काम ,कर्तव्य र अधिकार :**

(१) सम्वन्धित वडाको एकिकृत तथ्याङ्कहरु संकलन गर्ने ।

(२) सम्वन्धित वडामा नया सहकारी गठन गर्ने वा भइरहेको सहकारीमा नै समूहहरुलाई आवद्ध गराउने हो सो विषयमा सामुदायिक संस्थाहरुसंग वैठक वसी निष्कर्ष निकाल्ने।

(३) हिनामिना भएको वा भाकाभित्र ऋण असुली नभएको अवस्थामा सरकारी वाँकी सरह असुल गर्नको लागि सामुदायिक संस्थाहरुलाई सहयोग गर्ने ।

(४) खराव कर्जा पुनरलेखन कार्यमा वास्तविक ऋणिको पहिचानमा सामुदायिक संस्थाहरुलाई सुझाव दिने ।

(५) वडाक्षेत्रमा कार्यक्षेत्र हुने गरी दर्ता भइ कृयाशिल सहकारी संस्थाहरुलाई गरिवी निवारण कोष व्यवस्थापनको विषयमा अभमूखिकरण गर्ने ।

(६) प्रतिवेदन ३/३ महिनामा गाउँपालिका स्तरीय घुम्ती कोष व्यवस्थापन समितिलाई पेश गर्नु पर्नेछ ।

**१६ अनुगमन समिति :** (१) घुम्ती कोष रकम व्यवस्थित भए नभएको विषयमा अनुगमन गर्न तपशिल बमोजिमको एक अनुगमन समिति रहनेछ ।

(क) प्रमुख : गाउपालिका उपाध्यक्ष

(ख)सदस्य : सवै वडाका वडा अध्यक्षहरु

(ग)सदस्य : कृषि शाखा प्रमुख

(घ)सदस्य सचिव: योजना शाखा प्रमुख

**१७ अनुगमन समितिको काम ,कर्तव्य र अधिकार :**

(१) प्रत्येक सामुदायिक संस्थाको वैठकको अनुगमन गर्ने ।

(२) ) हिनामिना भएको वा भाकाभित्र ऋण असुली नभएको अवस्थामा सरकारी वाँकी सरह असुल भए नभएको अनुगमन गर्ने ।

(३) खराव कर्जा प्रतिलेखनको कारणहरुको अनुगमन गर्ने ।

(४) सामुदायिक संस्थाको सदस्यहरु तथा संस्थाहरु सहकारीमा आवद्ध भए नभएको एकिन गर्ने ।

(५) कोषको रकम सहकारीमा जम्मा गरे नगरेको एकिन गर्ने ।

(६) अनुगमनको प्रतिवेदन ३/३ महिनामा गाउँकार्यापालिकामा पेश गर्नु पर्नेछ ।

**१८ घुम्ती कोष व्यवस्थापन सचिवालय :** (१) घुम्ती कोष रकम व्यवस्थित गर्न गाउँ कार्यपालिकामा तपशिल बमोजिमको एक सचिवालय रहनेछ ।

(क)प्रमुख : गाउँपालिकाको सहकारी शाखा प्रमुख

(ख)सदस्य : सवै वडाका वडा सचिवहरु

(ग) सदस्य सचिव: योजना शाखा

**१९ घुम्ती कोष व्यवस्थापन सचिवालको काम ,कर्तव्य र अधिकार:**

(१) नया सहकारी संस्था गठन वा भइरहेको सहकारी संस्थामा संस्थाहरुलाई आवद्ध गराउन सहयोग गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

(२) सहकारी संस्थाको विनियम संसोधन वा नया विनियम तयारीमा सहयोग गर्ने ।

(३) सामुदायिक संस्थाको वैठकमा सहयोग गर्ने ।

(४) ऋण असुलि तथा खराव कर्जा पुनरलेखनमा समूहरुलाई सहयोग गर्ने ।

(५) सामुदायिक संस्था र सहकारी संस्थाहरुको भेलाको आयोजना गर्ने

(६) गाउँपालिका स्तरी घुम्ती कोष व्यवस्थापन समितिलाई प्रत्येक २/२ महिनामा प्रगती प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद-५

## विविध

**२०. कार्यविधिको व्याख्या :** यो कार्यविधिको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

**२१. कार्यविधि संसोधन :** यो कार्यविधिको प्रावधानहरुमा कार्यापालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

**२२. बाधा अड्चन फुकाउ :** आमचोक गाउँपालिकाको सहकारी ऐन २०७४ र यो कार्यविधिमा व्यवस्था भए वाहेकका विषयमा निर्णय गर्न आवश्यक भएमा गाउँ कार्यपालिकाले गर्नेछ ।

**२३. कार्यविधिको समय अवधी :** गरिवी निवारण कोष अन्तर्गतको समूहरुहरु र समूहहरुमा गरिवी निवारण कोषवाट उपलव्ध घुम्तीकोष रकमको व्यवस्थापन कार्य सकिएपछि स्वत यो कार्यविधिको समयअवधी सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भोजपुर प्रदेश नेपाल

## अनुसुचि-१

### (दफा -८ को उपदफा १ संग सम्वन्धीत)

### गरीबी निवारण कोषको घुम्ती कोष रकम

| क्र.सं. | वडा नं. | साविक | समूहको नाम | सदस्य | गरीवी निवारण कोषवाट | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १ | २ | १ सुनगाभा सामुदायिक संस्था | २५ | ३४५३४० | |
| २. | १ | २ | २ दिपज्याती सामुदायिक संस्था | १९ | २६५००० | |
| ३. | १ | ३ | ३ गोदावारी सामुदायिक संस्था | २८ | ४९८५६८ | |
| ४. | १ | ६ | ४ डाडाँखर्क सामुदायिक संस्था | २५ | ४१२७१८ | |
| ५. | १ | ६ | ५ भञ्ज्याङपोखरी सामुदायिक संस्था | १६ | ३०५५५० | |
| ६. | १ | ७ | ६ नमुना जलेश्वरी सामुदायिक संस्था | २७ | ३९२९९८ | |
| ७. | १ | ८ | ७ फुलवारी सामुदायिक संस्था | १७ | २०७८०४ | |
| ८. | १ | ८ | ८ रक्तकाली सामुदायिक संस्था | १४ | ३५५६८३ | |
| ९. | १ | ९ | ९ लालीगुराँस सामुदायिक संस्था | १७ | २४०३५९ | |
| | **जम्मा** | | | **१८८** | **३०२४०२०** | |
| १०. | २ | १ | १ आमचोक सामुदायिक संस्था | २२ | ५००००० | |
| ११. | २ | १ | २ जाल्पा सामुदायिक संस्था | २४ | ३३३४६८ | |
| १२. | २ | १ ३ | ३ सयपत्री सामुदायिक संस्था | २१ | १९५००० | |
| १३. | २ | २ | ४ मिरमिरे सामुदायिक संस्था | २१ | ३२९५०३ | |
| १४. | २ | ५ | ५ सुम्निमा सामुदायिक संस्था | २७ | ४८२७२४ | |
| १५. | २ | ६ | ६ सप्तरङ्गी सामुदायिक संस्था | २५ | ४००००० | |
| १६. | २ | ७ | ७ दावुराङ सामुदायिक संस्था | २४ | ३४९८६० | |
| १७. | २ | ८ | ८ जलकन्या सामुदायिक संस्था | ३० | ४५६००० | |
| १८. | २ | ९ | ९ जनजागृति सामुदायिक संस्था | २२ | ४९४७७८ | |
| | **जम्मा** | | | **२१६** | **३५४१३३३** | |
| १९. | ३ | २ | १ गरुडभिर सामुदायिक संस्था | २६ | १८०४४० | |
| २०. | ३ | ३ ७ | २ गोदावारी सामुदायिक संस्था | २५ | ३५६६२० | |
| २१. | ३ | ४ | ३ लालिगुराँस सामुदायिक संस्था | २९ | ३२५४२० | |
| २२. | ३ | ५ | ४ पसलभञ्ज्याङ सामुदायिक संस्था | १७ | २४८४१३ | |
| २३. | ३ | ५ ६ | ५ चुमराङ्ग सामुदायिक संस्था | २९ | ४३१०६० | |
| २४. | ३ | ६ | ६ जाल्पा जनकल्यान सामुदायिक संस्था | १५ | २८०६६० | |
| २५. | ३ | ८ | ७ अजम्वरी सामुदायिक संस्था | २९ | २५७७५० | |
| २६. | ३ | ८ | ८ दिशंला सामुदायिक संस्था | २० | ३२२४४८ | |
| २७. | ३ | ९ | ९ नवजागरण सामुदायिक संस्था | १७ | ३११६७० | |
| | **जम्मा** | | | **२०७** | **२७१४४८१** | |
| २८. | ४ | १ | १ कन्यादेवि सामुदायिक संस्था | २७ | २८१४५९ | |
| २९. | ४ | १ | २ छोँखा सामुदायिक संस्था | १२ | १६२७३३ | |
| ३०. | ४ | २ | ३ जाल्पादेवी सामुदायिक संस्था | २४ | २३९००० | |
| ३१. | ४ | ३ ६ | ४ गैयाथान सामुदायिक संस्था | १९ | २९५९३५ | |
| ३२. | ४ | ८ | ५ सुनौलो सामुदायिक संस्था | १९ | १७७४३८ | |
| ३३. | ४ | ८ | ६ चन्द्रकलादेवी सामुदायिक संस्था | १० | १७९६५६ | |
| ३४. | ४ | ८ | ७ सिंहदेवी सामुदायिक संस्था | १४ | १०४७१२ | |
| ३५. | ४ | ९ | ८ पंचकन्या सामुदायिक संस्था | १९ | २३३७३५ | |
| ३६. | ४ | ९ | ९ पुर्ण सामुदायिक संस्था | २६ | ३२१०८० | |
| | **जम्मा** | | | **१७०** | **१९९५७४८** | |
| ३७. | ५ | १ | १ जलकन्या सामुदायिक संस्था | १३ | २१६५०० | |
| ३८. | ५ | २ | २ वाराङ्खोला सामुदायिक संस्था | १४ | २२५००० | |
| ३९. | ५ | ५ | ३ जिमिथानी सामुदायिक संस्था | २१ | [illegible]३८२५१ | |
| ४०. | ५ | ६ | ४ डवली सामुदायिक संस्था | २० | ३४२९७५ | |
| ४१. | ५ | ७ | ५ चन्दिका सामुदायिक संस्था | १७ | ३०४२९२ | |
| ४२. | ५ | ८ | ६किराँत सामुदायिक संस्था | २७ | ३६९२९५ | |

प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | वडा नं. | साविक | समूहको नाम | सदस्य | गरीबी निवारण को[illegible] | |
|---|---|---|---|---|---|---|
| ४३. | ५ | ९ | ७ छत्रदेवी सामुदायिक संस्था | १५ | २७४६०१ | |
| | जम्मा | | | १२७ | ११७०९१४ | |
| ४४. | ६ | ६ | १ प्रगतिशिल सामुदायिक संस्था | ३४ | ४४२९४० | |
| ४५. | ६ | ७ | २ मिलिजुली सामुदायिक संस्था | १५ | १५६७४२ | |
| ४६. | ६ | | ३ सिर्जनशिल सामुदायिक संस्था | ३४ | ४४५७१५ | |
| | जम्मा | | | ८३ | १०५२००४ | |
| ४७. | ७ | २ | १ संयोग सामुदायिक संस्था | २१ | २०६६०१ | |
| ४८. | ७ | २ | २ मिलन सामुदायिक संस्था | २४ | ३५२१५५ | |
| ४९. | ७ | ३ | ३ जनउत्थान सामुदायिक संस्था | २२ | ३७३१७६ | |
| ५०. | ७ | ५ | ४ सिहदेवी सामुदायिक संस्था | २३ | २९९८९७ | |
| ५१. | ७ | ५ | ५ जलकन्या सामुदायिक संस्था | २० | २०७९०६ | |
| | जम्मा | | | ११० | १४३९७३५ | |
| ५२. | ८ | ७ | १ सावित्रा सामुदायिक संस्था | २४ | ४०५२३८ | |
| ५३. | ८ | ८ | २ देउराली सामुदायिक संस्था | ३० | ४३३०८१ | |
| ५४. | ८ | ९ | ६ गैरीगाउँ सामुदायिक संस्था | २२ | २०८५६९ | |
| | जम्मा | | | ७६ | १०४६८८८ | |
| ५५. | ९ | १ | १ मिलडाँडा सामुदायिक संस्था | २६ | ३९८२०० | |
| ५६. | ९ | २ | २ पञ्चकन्य सामुदायिक संस्था | ३० | ४२२०६८ | |
| ५७. | ९ | ३ | ३ लात्राङ सामुदायिक संस्था | १० | १७५१२१ | |
| ५८. | ९ | ४ | ४ जागरण सामुदायिक संस्था | २८ | ३४३६१३ | |
| ५९. | ९ | ५ | ५ रमिते सामुदायिक संस्था | २८ | २९६५८६ | |
| ६०. | ९ | ६ | ६पशुपति सामुदायिक संस्था | २८ | ३२२२७८ | |
| | जम्मा | | | १५० | १९५७८६६ | |
| ६१. | १० | १ | १ सिद्धदेवी सामुदायिक संस्था | २३ | २७७८२३ | |
| ६२. | १० | २ | २ सिर्जनशिल सामुदायिक संस्था | ३३ | ३२६१२४ | |
| ६३. | १० | ३ | ३ जनउदार सामुदायिक संस्था | २७ | ३७२३४३ | |
| ६४. | १० | ३ ६ | ४ जनहित सामुदायिक संस्था | २८ | २५०६४४ | |
| ६५. | १० | ४ | ५ पञ्चकन्या सामुदायिक संस्था | २५ | ३९५८८० | |
| ६६. | १० | ५ | ६ जनशक्ति सामुदायिक संस्था | १९ | ३३१०३३ | |
| ६७. | १० | ७ | ७ पंचमी सामुदायिक संस्था | २८ | ३७२२०० | |
| ६८. | १० | ८ | ८ साकेन्वा सामुदायिक संस्था | २२ | २९२७०० | |
| ६९. | १० | ९ | ९ माकुहाङ सामुदायिक संस्था | २५ | ३१०३५६ | |
| | जम्मा | | | २३० | २९२९१०३ | |
| | | | | १५५७ | २१६७२०९२ | |

## अनुसुचि-२

(दफा -८ को उपदफा ४ संग सम्वन्धीत)

खराव कर्जा अपलेखनका प्रकृयाहरु

१ सामुदायिक संस्थाको खराव कर्जा.अपलेखन गर्ने वैठकको निर्णय

(के कारणले अपलेखन गर्नु पर्ने हो)

२ऋणिले ऋण तिर्न नसक्ने टोलस्तरीय मुचुल्का

३ वडा स्तरीय घुम्तीकोष व्यवस्थापन समितिको निर्णय र सिफारिस

४ अनुगमन समितिको सिफारिस

५ गाउँपालिका स्तरीय घुम्तीकोष व्यवस्थापन समितिको निर्णय र सिफारिस

६ गाउँ कार्यपालिकाको निर्णय

प्रमुख प्रशासकीय अधिकृत